
# पाँचखपन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सङ्खुवासभा
## कोशी प्रदेश, नेपाल




# सूचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार सम्पादित कार्यको तेस्रो त्रैमासिक बुलेटिन
## आ.व. २०८०/०८१

सूचना अधिका

प्रमुख प्रशासकीय अधिकृत

## पाँचखपन नगरपालिकासँग सम्बन्धित आ.व. २०८०।८१ माघ १ देखि चैत्र मसान्तसम्मको

## अद्यावधिक सूचना

## (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) को प्रयोजनका लागि)

### १. निकायको परिचयः

नेपालको संविधानमा मुलुकको मूल संरचना संघीय शासन व्यवस्था अनुरुप तीन तहको हुने उल्लेख गरिएको छ। संविधानतः मुलुकको राज्य शक्तिको प्रयोग समेत यी तीन वटै तहबाट हुने अवस्था सुनिश्चित गरिएको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा यी तहहरुको एकल तथा संयुक्त अधिकारक्षेत्रको समेत व्यवस्था गरिएको छ। संविधानमा उल्लेख गरिएका व्यवस्था तथा संविधान प्रदत्त कार्य भूमिका निर्वाहका लागि विभिन्न प्रकारका नीतिगत तथा कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको स्थापना तथा व्यवस्थापन गरिएको छ। सो अनुरुप तत्कालीन समयका स्याबुन, वाना तथा जलजला गा.वि.स.लाई एकीकृत गरी पाँचखपन नगरपालिकाको स्थापना २०७३ सालमा भएको हो।

सार्वजानिक सेवा प्रवाह लगायत मुलुकको शासन व्यवस्थालाई नागरिक तथा जनताहरुको नजिकैबाट प्रदान गर्न स्थानीय तहः गाँउपालिका तथा नगरपालिकाको भूमिका महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ। संघ तथा प्रदेश तहको योजना तथा नीति अनुरुप नीति, योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै साधनस्रोतको व्यवस्थापन र परिचालन गरी नागरिकको जीवनस्तर सूधार गर्न आवश्यक आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको रहेको छ। नेपालको संविधान, आवधिक योजना लगायतका नीतिगत संरचनाहरुमा स्थानीय तहहरु प्रभावकारी सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाहरु प्रदान गर्न समेत प्रमुख आधारका रुपमा स्थापित गरिएको छ।

स्थानीय तहसँग सम्बन्धित नीतिगत तथा कानूनी संरचनाहरुमा उल्लेखित दायित्व र अपेक्षित भूमिका निर्वाह गर्नका लागि पाँचखपन नगरपालिका अग्रसर रहेको छ। यसका लागि नगरपालिकाले निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी रहेको छ। नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यका साथै संघ, प्रदेश र स्थानीय तहका आफ्नै नीतिगत तथा संस्थागत व्यवस्थाहरुले नगरपालिकाको नियमित, आकस्मिक तथा विकासात्मक कार्यका साथै नगरपालिकाको समग्र पक्षहरुको व्यवस्थापन र परिचालन गर्न नगरपालिका अग्रसर रहेको छ। पाँचखपन नगरपालिकामा जम्मा १४ वटा शाखाहरुबाट नगरपालिकाका विभिन्न प्रकारका सेवा तथा कार्यहरु सम्पादन हुने गरेको छ। यसका साथै नगरपालिकालाई ९ वटा वडामा विभाजन गरी आवश्यक कार्य जिम्मेवारी कानूनतः हस्तान्तरण गरिएको छ। नगरपालिकामा मूलत: प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, प्राविधिक शाखा लगायत पञ्जीकरण तथा सामाजिक सूरक्षा इकाई, स्वास्थ्य शाखा, शिक्षा शाखाको व्यवस्था गरिएको छ।

### २. निकायको कार्यक्षेत्र

स्थनीय तहको कार्य जिम्मेवारी र कार्यक्षेत्रको सीमा अत्यन्तै वृहत् रहेको छ। पाँचखपन नगरपालिकाको कार्यक्षेत्र मूलतः संघ तथा प्रदेश तहका नीति, योजना र कार्यक्रमको कार्यान्वयन, प्रभावकारी सार्वजनिक सेवाको प्रवाह, विकास व्यवस्थापन, राजस्व परिचालन गर्दै शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायत समग्र पक्षहरुको प्रभावकारी व्यवस्थापन र स्थानीय सुशासन कायम गर्नु रहेको छ। पाँचखपन नगरपालिकाको समग्र कार्यक्षेत्रसम्बन्धी व्यवस्था नेपालको संविधान, आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन लगायत पाँचखपन नगरपालिकाको आ.व. २०८०\८१ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। समग्रमा पाँचखपन नगरपालिकाको कार्यक्षेत्रलाई देहायानुसार प्रस्तुत गर्न सकिन्छः

सूचना अधिकारी


गणेशमान सिं राई
प्रमुख प्रशासकीय अधिकृत

- नेपालको संविधान, अनुसूची ८ मा उल्लिखित एकल अधिकारका क्षेत्रहरु
- नेपालको संविधान, अनुसूची ९ मा उल्लिखित साझा अधिकारका क्षेत्रहरु

## ३. निकायको संगाठनिक स्वरुप\संरचनाः

नगरपालिकाको सर्वोच्च निकायको रुपमा नगर सभा रहेको छ। नगर कार्यपालिकाले कार्यपालिकीय शक्तिको प्रयोग गर्ने र न्यायिक समितिले सीमित न्यायिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। यस सम्बन्धी थप स्पष्टता देहायानुसार प्रस्तुत गरिएको तालिकाबाट हुने विश्वास गर्न सकिन्छः

पाँचखपन नगरपालिकाको संगठनिक स्वरुप (तालिका)




---

## ४. नगरपालिकामा रहेका विभिन्न शाखाहरुः

सार्वजनिक सेवालाई प्रभावकारी ढंगबाट नागरिकहरु सामु पुऱ्याउन पाँचखपन नगरपालिका दत्तचित्त रहेको छ। यसका लागि विभिन्न शाखा तथा उपशाखाहरुको गठनसँगै सम्पर्क व्यक्तिसमेत तोकिएको छ। हाल यस कार्यालयमा रहेका शाखाहरु देहायानुसार रहेका छन् :

क. प्रशासन शाखा,
ख. योजना शाखा,
ग. प्राविधिक शाखा,
घ. स्वास्थ्य शाखा,
ङ. पंजीकरण तथा सामाजिक सुरक्षा इकाई,
च. महिला, वालवालिका तथा समाज कल्याण शाखा,
छ. आर्थिक प्रशासन शाखा,
ज. शिक्षा, युवा तथा खेलकुद शाखा,

झ. सुचना प्रविधि शाखा,
ञ. जिन्सी शाखा,
ट. राजस्व शाखा
ठ. अमिन शाखा
ड. खानेपानी तथा सरसफाई शाखा/ WASH sector
ढ. स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र
ण. कृषि विकास शाखा,
त. पशुपञ्छी विकास शाखा,
थ. प्रधानमन्त्री रोजगार कार्यक्रम,
द. उद्यम विकास शाखा

**५. निकायमा रहेको दरबन्दी तेरीजः**

**पाँचखपन नगरपालिका, संखुवासभा**

**नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरीज**

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी | पूर्ति भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| २ | अधिकृत | ९।१० | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| ३ | सि.डि.ई. | ९।१० | ईञ्जि. | सिभिल | | १ | ० | १ | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| ५ | लेखा अधिकृत | ७।८ | प्रशासन | लेखा | | १ | ० | १ | |
| ६ | अधिकृत | ७।८ | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्वास्थ्य | ज.स्वा. | | १ | ० | १ | |
| ८ | ईञ्जीनियर | ७।८ | सिभिल | सिभिल | | १ | १ | ० | ई.छैंठों तह रहेको |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| १० | आ.ले.प. | ५ | प्रशासन | लेखा | | १ | ० | १ | |
| ११ | प.हे.न. | ५।६ | स्वास्थ्य | क.न. | | १ | १ | ० | |
| १२ | हेल्थ असिस्टेन्ट | ५।६ | स्वास्थ्य | हे.अ. | | १ | १ | ० | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | १ | ४ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | १ | ० | |
| १५ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | १ | ० | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | १ | ० | |
| १७ | सब-ईञ्जीनियर | ५ | ईञ्जी. | सिभिल | | २ | २ | ० | करार मार्फत पदपूर्ति |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | १ | ० | |
| १९ | अमिन | ४ | ईञ्जि. | सर्भे | | १ | १ | ० | करार मार्फत पदपूर्ति |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| २२ | स.म.वि.नि. | ४ | विविध | | | १ | १ | ० | |
| **कार्यालयतर्फ जम्मा** | | | | | | २९ | १३ | १६ | |
| **वडा कार्यालयतर्फ (९ वटा वडा)** | | | | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ४ | ३ | १ | |
| २ | सब-ईञ्जीनियर | ५ | ईञ्जि. | सिभिल | | ४ | २ | २ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ५ | ४ | १ | |
| ४ | अ. सब-ईञ्जीनियर | ४ | ईञ्जि. | सिभिल | | ५ | २ | ३ | |
| | | | | | | | | | |
| **वडा कार्यालयतर्फ (९ वटा वडा) जम्मा** | | | | | | १८ | ११ | ७ | |
| **नगर कार्यपालिकाको कार्यालयतर्फ जम्मा** | | | | | | २९ | १३ | १६ | |
| **कूल जम्मा** | | | | | | ४७ | २४ | २३ | |

**यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण:**

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | जिवन श्रेष्ठ | सूचना प्रविधि अधिकृत (छैंठौं) | |
| २ | सुदेश राई | रोजगार संयोजक (अधिकृत स्तर छैंठौं | |
| ३ | शशी भुषण यादव | कृषी स्नातक (अधिकृत स्तर छैंठौं) | |
| ४ | रवि किरण राई | MIS अपरेटर ( सहायकस्तर पाँचौं) | |
| ५ | तारा कुमार श्रेष्ठ | रोजगार संयोजक | |
| ६ | सन्देश श्रेष्ठ | प्राविधिक सहायक (सहायक स्तर पाँचौं) | |
| ७ | खगेन्द्र राई | स.ई (सहायक स्तर पाँचौं) | |
| ८ | डाइमण्ड पुरी | स.ई (सहायक स्तर पाँचौं) | |
| ९ | हिमाल श्रेष्ठ | अमिन (सहायक स्तर चौथो) | |
| १० | तारा श्रेष्ठ | ना.प्रा.स.(सहायक स्तर चौथो) | |
| ११ | विष्णु विश्वकर्मा | उद्यम विकास सहजकर्ता (सहायकस्तर चौथो) | |
| १२ | मनिता दाहाल | अपाङ्गता सहजकर्ता | |
| १३ | निश्चल श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | |
| १४ | सुस्मिता मगर | अभिलेख प्रशासक | |
| १५ | महेश तामाङ | नगर प्रमुखको स्वकीय सचिव | |
| १६ | राजेश खड्का | नगर उप-प्रमुखको स्वकीय सचिव | |

| | | | |
|---|---|---|---|
| १७ | सुजन थापा | हलुका सवारी चालक | |
| १८ | पवन श्रेष्ठ | Backhole loader चालक | |
| १९ | हिमाल खनाल | कार्यालय सहयोगी | |
| २० | मिलन तामाङ | कार्यालय सहयोगी | |
| २१ | भानुसागर राई | कार्यालय सहयोगी | |
| २२ | सुवास भण्डारी | कार्यालय सहयोगी | |
| २३ | हरिराम खड्का | कार्यालय सहयोगी | |
| २४ | डम्बर बहादर श्रेष्ठ | कार्यालय सहयोगी | |
| २५ | राज गुरुङ | कार्यालय सहयोगी | |
| २६ | सुवास प्रसाद पोखरेल | कार्यालय सहयोगी | |
| २७ | नेत्र कुमारी थापा श्रेष्ठ | कार्यालय सहयोगी | |

## ६. निकाय संबद्ध ऐन, नियम तथा निर्देशिका/कार्यविधिः

पाँचखपन नगरपालिकाले आफ्ना काम कारवाहीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन निम्न अनुसारका ऐन, नियम तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छः

- पाँचखपन नगरपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०
- पाांचखपन नगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण कार्यविधि, २०७८
- उपभोक्ता समितिहरुको गठन, परिचालन तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६
- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवशायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७८
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- टोल विकास संस्था व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७९
- पाँचखपन नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७९

- पाँचखपन नगरपालिकाका पदाधिकारीहरुको आचारसंहितासम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम,
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट
- पाँचखपन नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७९
- पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०८०
- पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०८०
- पाँचखपन नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको प्रोत्साहन भत्तासम्बन्धी नियमावली, २०७९
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- आपङ्गता परिचय पत्र वितरण नियमावली, २०७८
- पाँचखपन नगरपालिकाबाट गरिने बजार अनुगमन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको पशुपन्छी सेवा सञ्चालन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८
- न्यायिक समिति कार्य सञ्चालन ऐन, २०७८
- लैंगिक हिंसा निवारण कोष सञ्चालन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको सहकारी ऐन, २०७८
- पाँचखपन नगरपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७८
- पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८०
- पाँचखपन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७८
- पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९
- पाँचखपन नगरपालिको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९

**७. शाखागत रुपमा सम्पादन भएका मुख्य कार्यहरुको विवरण:**

**यस कार्यालयको विभिन्न शाखाहरुबाट सम्पादन भएका कार्यहरु शाखागतरुपमा देहायानुसार प्रस्तुत गरिएको छ ।**

**७.१ प्रशासन, योजना, प्राविधिक शाखा:**

क. दैनिक प्रशासनिक कामकाज भएको

ख. ३ वटा कृषि तथा पशुपालन समुह नवीकरण

ग. १६९ टोल विकास संस्था रहेका

घ. माघ महिनादेखि चैत मसान्त सम्म ८७ वटा टोल विकास संस्था नविकरण भएका,

ङ. टोल विकास संस्थाहरु दर्ता/नविकरण गर्ने काम भइरहेको,

च. वडागत ४०४ वटा योजनाहरु रहेको, पालिका अन्तर्गत १७३ वटा योजनाहरु गरी जम्मा ५७७ योजनाहरु रहेका साथै अधिकाशं योजनाहरु सम्झौता भएका र भइरहेका।

**टेण्डर मार्फत भएका कामहरु:-**

क. भैंसीचोक चुङखुरुङ मोटरबाटो स्तरोन्नति

ख. वाना सिभुवा, टाइगर चोक चौदण्डी सडक स्तरोन्नति

ग. वाना विहिवारे वृहत खानेपानी योजना

घ. नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य द्रुत गतिमा अघि बढिरहेको

ङ. १० बेड अस्पतालको निर्माण कार्यको म्याद थप भई निर्माण कार्य

**७.२ आर्थिक प्रशासन शाखा:**

| क्र.स. | क्षेत्र/उपक्षेत्र | विनियोजन (रु.) | खर्च (रु.) | खर्च(%) | मौज्दात (रु.) |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,४०,३५,०००.०० | ४४,५६,५६०.०० | १०.११ | ३,९५,७८,४४०.०० |
| २ | सामाजिक विकास | २२,९५,४६,०००.०० | ४,७६,९४,२३७.२२ | २०.७८ | १८,१८,५१,७६२.७८ |
| ३ | पूर्वाधार विकास | १२,४०,६५,०००.०० | २,५१,९८,४४८.०० | २०.३ | ९,८८,६६,५५२.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९,०७,०००.०० | २,२२,६६०.०० | ११.६८ | १६,८४,३४०.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | ११,१८,७१,९२०.०० | २,२९,५६,९०३.८६ | २०.५२ | ८,८९,१५,०१६.१४ |
| कुल जम्मा | | ५१,१४,२४,९२०.०० | १०,०५,२८,८०९.०८ | १९.६५ | ४१,०८,९६,११०.९२ |

**७.३ स्वास्थ्य शाखा:**

- नियमित खोपको अभिमुखिकरण घरधुरी सर्वेक्षण
- आमा सूरक्षा कार्यक्रमको स्वास्थ्य संस्थालाई पेश्की रकम प्रदान
- सुर्तिजन्य पदार्थ सेवन न्यूनिकरण सचेतना कार्यक्रम सम्पन्न,
- CBIMNCI कार्यक्रमको स्थलगत अनुशिक्षण,
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको पोषाक भत्ता वितरण,
- समुदायमा क्षयरोग सम्बन्धी अभिमुखिकरण साथै क्षयरोग विरामीको खोजपड्ताल,
- स्वास्थ्य संस्थाहरुको पालिका स्तरीय मासिक बैठक संचालन,
- नि:शुल्क औषधि खरिद तथा वितरण,
- मासिक रुपमा तथ्यांक DHIS2 मा प्रविष्ट,
- संस्थागत अनुगमन, सूपरीवेक्षण र पृष्ठपोषण।

**७.४ शिक्षा शाखा:**

क. तेस्रो त्रैमोसिक शिक्षक तलव भत्ता निकासा रु. ३,१५,०२,५०४/-
ख. तेस्रो त्रैमासिक शैक्षिक अनुदान निकासा रु. ४८,८५,६६९/-,
ग. शिक्षक पदपूर्ति परीक्षा संचालन,
घ. नियमित प्र.अ. बैठक संचालन,
ङ. शिक्षा समिति बैठक संचालन,
च. स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न ।

**७.५ पञ्जिकरण इकाई:-**

क. पाँचखपन नगरपालिकाको ९ वटै वडाहरुमा गई EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आउने समस्याहरुको समाधान गर्ने कार्य गरियो।
ख. आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण।

**७.६ प्रधानमन्त्री रोजगार कार्यक्रम:**

- गत आ.व. को मासिक प्रगति प्रतिवेदन आर्थिक, वित्तीय विवरण(EMIS) रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरियो,
- रोजगारीमा खटाउनुपूर्व छनौट भएका श्रमिकहरुलाई अभिमुखिकरण तथा उनीहरुको बैंक खाता खोल्न सहजीकरण गरियो,
- श्रमीकहरुको समिति गठन भई आयोजनाहरुको सम्झौता गर्ने कार्य गरिएको,

- प्राथमिकता क्रममा परेका श्रमिकहरुलाई आयोजनामा खटाइएको,
- श्रमको सम्मान राष्ट्रको अभियान बमोजिम पालिका अन्तर्गतका १ देखि ९ वडामा एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न,
- आयोजनाहरुको नियमित अनुगमन भईरहेको,
- आ.व. २०८१/०८२ को लागि बेराजगार आवेदन ९ वटै वडाबाट संकलन गरिएको, साथै संकलित आवेदन रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको,
- संचालन भएका आयोजनाहरुमा खटाइएका श्रमिकहरुको ५० दिनको ज्यालाका लागि आवश्यक सम्पूर्ण कागजात विवरण, हाजिरी, प्राविधिक मूल्यांकन, वडाको सिफारिस संकलन हुदैं,
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको पुन: स्वीकृतिमा सहजीकरण गर्ने कार्य भइरहेको ।

**७.७ महिला विकास शाखा:**

क. अन्तराष्ट्रिय नारी दिवशको अवसरमा ६ दिने दालमोठ भुजिया बनाउन तालिम संचालन,
ख. जेष्ठ नागरिकको लागि झुल वितरण गर्न तथ्याङ्क संकलन,
ग. अपागंता भएका व्यक्तिलाई मौरीपालन तालिमको लागि बैठक बसि तथ्याङ्क संकलन ।

**७.८ उद्यम विकास शाखा:**

क. उद्यम विकासका लागि सामाजिक परिचालनमा पर्ने वडा स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो,
ख. सहभागितामूलक ग्रामिण लेखाजोखा कार्यक्रममा पर्ने कार्यहरु गरिदै आएको जस्तै:

- ➢ वडा नं.३ र २ मा ३० जना घर परिवारको वार्षिक आम्दानीको जानकारी लिन "फारम ए" भर्ने कार्य सम्पन्न,
- ➢ सम्भावित उद्यमी बनाउनको लागि "फारम बी" भर्ने कार्य सम्पन्न,
- ➢ वडा नं. ३ र २ को सामाजिक स्रोत नक्सा बनाउने कार्य सम्पन्न,
- ➢ वडा नं. ३ र २ को गतिशिल नक्सा बनाउने कार्य सम्पन्न,
- ➢ यस पालिकाको वडा नं. ३ माक्सुवामा १७ जना सहभागिहरुलाई उद्यमशिलता विकास तालिम दिने कार्य सम्पन्न,
- ➢ साथै तालिम लिएका सहभागीहरुको अनलाइन डाटा इन्ट्री गर्ने कार्य सम्पन्न ।

७.९ कृषि तथा पशु शाखा:

**कृषि शाखा अन्तर्गत**

| क्र.स. | स्रोत | विनियोजित(रु.) | कार्यक्रम सम्पन्न गरिएको अवधि | कार्यक्रम अन्तर्गत हालसम्म भएको खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १. | सशर्त अनुदानको कार्यक्रम | ९,५०,०००/- | त्रैमासिक | ० | ० |
| २. | वित्तीय समानीकरण तर्फको कार्यक्रम | १५,००,०००/- | त्रैमासिक | ० | ० |
| २.(क) | आलुको बिउ वितरण | ३,६०,०००/- | त्रैमासिक | ३,६०,०००/- | २४००घरधुरी |
| २.(ख) | कृषि मेला प्रदर्शनी | ९०,०००/- | त्रैमासिक | ९०,०००/- | पाँचखपन नगरबासी |

कृषि शाखा अन्तर्गतका अन्य नियमित कार्यहरु:

१. कृषि विकास सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने,
२. रोगकिरा न्यूनिकरण तथा विषादी सम्बन्धी जानकारी तथा प्राविधि जानकारी किसानहरु बीच संचार गर्ने,
३. संघीय तथा प्रादेशिक कार्यक्रममा सहजीकरण गर्ने।

**पशु सेवा शाखा अन्तर्गत**

| क्र.स. | योजनाको नाम | बजेटको स्रोत | बिनियोजित बजेट | हाल सम्मको खर्च | अवधि | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | औषधि खरिद | पाँचखपन नगरपालिका | ३,००,०००/- | २,००,०००/- | ३ महिना | दुई लाखको खरिद भएको। | गाई, भैसी पशु प्रदर्शनी मेला सम्पन्न भएको। |
| २. | पशुपन्छिको खोप लजिष्टिक खरिद | पाँचखपन नगरपालिका | ९७,०००/- | ९७,०००/- | ३ महिना | सबै खरिद भइसकेको | |

## नियमित कार्यहरु:-

पशु बन्ध्याकरण(Castration):-

| क्र.स | पुशको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | गोरु | १५ | |
| २. | बोका | १० | |
| ३. | बंगुर | १७ | |

अन्य कार्य विवरण:

१. गोबर परीक्षण (Fecal test) - १२

२. डिस्टोकिया (Dystocia) सफल भएको संख्या -७

३. प्रोल्याप्स(Prolapse) सफल भएको संख्या -४

४. सामान्य उपचार ( General treatment) -२९

## ७.१० राजस्व शाखा

आ.व. २०८०/८१ अवधी: २०८०/१०/०१-२०८०/१२/३०

| क्र.स. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३२१ | वहाल कर | २१,५२०.०० | |
| २ | ११६९१ | अन्य कर | २५,४६०.०० | |
| ३ | १४२२१ | न्यायिक दस्तुर | ४००.०० | |
| ४ | १४२२४ | परीक्षा शुल्क | १६,४००.०० | |
| ५ | १४२४३ | सिफारिस दस्तुर | ६,९००.०० | |
| ६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००.०० | |
| ७ | १४२४९ | अन्य दस्तुर | २४,४७०.०० | |
| ८ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७४,०८०.०० | |
| ९ | १४२६५ | अन्य क्षेत्रको आय | ५,०००.०० | |
| १० | १४५२९ | अन्य राजस्व | ९५,५००.०० | |
| ११ | १५१११ | बेरुजु | १४,१३४.०० | |
| | | कुल जम्मा | २,८४,३६४.०० | |

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः



गणेशमान सिं राई
प्रमुख प्रशासकीय अधिकृत



बिनोद कुमार चन्द
सूचना अधिकारी

प्रकाशन मिति २०८१ बैशाख २४ गते